नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग
प्रशासन शाखा

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान, काठमाण्डौ
Website : www.immigration.gov..np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०७८/७९
सूचना नः-१४

## सूचना

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नाका हुँदै नेपाल प्रवेश गर्ने विदेशी नागरिकहरुले नियमानुसार तिर्नु पर्ने भिसा शुल्कको भुक्तानी सहजीकरण प्रयोजनका लागि २०० अमेरिकी डलर साथमा ल्याउन अध्यागमन कार्यालय त्रि.अ.वि.बाट मिति २०७९।०१।०३ गते जारी "विदेशी नागरिकहरुलाई दुई सय अमेरिकी डलर लिएर आउन अनुरोध" गरिएको सूचनाका सम्बन्धमा मिति २०७९/०१/०५ गतेका दिन अध्यागमन विभागका महानिर्देशक श्री नारायण प्रसाद भट्टराईज्यूको संयोजकत्वमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका महाप्रवन्धक, अध्यागमन कार्यालय त्रि.अ.वि.का प्रमुख, राष्ट्रिय वाणिज्य बैंकका प्रतिनिधिहरुको उपस्थितिमा छलफल भई त्रि.अ.वि. क्षेत्रमा हाल सेवा दिइरहेको राष्ट्रिय वाणिज्य बैंकले हाल सञ्चालनमा रहेको **POS** मेशिनहरू थप गर्ने, पेमेन्ट गेटवेलाई पूर्णरूपमा सञ्चालनमा ल्याउने, आगमन कक्षतर्फ एक वटा र प्रस्थान कक्षतर्फ एक वटा एटीएम मेशिन थप गर्ने गरी आवश्यक प्रवन्ध मिलाउने तथा हाललाई अध्यागमन कार्यालय, त्रि.अ.वि.बाट २०७९।०१।०३ गते जारी सूचना बमोजिमको विदेशी नागरिकहरुलाई दुई सय अमेरिकी डलर लिएर आउन गरिएको अनुरोधलाई स्थगन गर्ने र भिसा शुल्क सम्बन्धमा कुनै असुविधा परेको/नपरेको विषयमा अध्यागमन कार्यालय त्रि.अ.वि., नागरिक उड्डयन कार्यालय र राष्ट्रिय वाणिज्य बैंकले नियमित अनुगमन र निगरानी गरी तत्काल सूचना आदान प्रदान मार्फत समस्या समाधान गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

धर्मराज भट्ट
अध्यागमन अधिकृत